राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. ११६/०७६/७७

मिति : २०७७०१।१६

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सिंहदरबार, काठमाडौं ।**

विषय : **स्वतः प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपालको संविधानमा उल्लेख गरिएको सूचनाको हकसम्बन्धी प्रावधानअन्तर्गत सबै सार्वजनिक निकायले हरेक तीन/तीन महिनामा आ-आफ्ना गतिविधि/कामकारवाही अनिवार्यरूपमा सार्वजनिक गर्नुपर्ने व्यवस्था भएबमोजिम यस समितिमा मिति २०७६ साल माघ, फागुन र चैत महिनामा देहायबमोजिमको कामकाज भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

(उत्तम सिल्वाल)
कार्यकारी व्यवस्थापक
सूचना अधिकारी

राष्ट्रिय समाचार समिति २०१८

# राष्ट्रिय समाचार समिति (रासस)

## रासस प्लाजा, काठमाडौं

१. हरेक दिन बिहान ६:०० बजेदेखि राति ११:०० बजेसम्म अङ्ग्रेजी र नेपाली भाषामा समाचार, फोटो तथा अडियो समाचार सम्प्रेषण गर्दै आइरहेको यस समितिले सेवाग्राही आमसञ्चार माध्यमको सुझावका आधारमा समाचार, फोटो तथा अडियो सेवाको गुणस्तर अभिवृद्धिमा जोड दिएको छ। २०७६ साल माघ, फागुन र चैतमा राससबाट सम्प्रेषित समाचार सामग्री देहायबमोजिम रहेको छ।

**समाचार सेवातर्फ**

| क्र.सं. | समाचार | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|
| १. | नेपाली | २५२० | २६९३ | ३११८ | ८३३१ |
| २. | अङ्ग्रेजी | ८६६ | ८७२ | ८९८ | २६३६ |
| ३. | अन्तर्राष्ट्रिय (नेपाली) | २६४ | २६९ | २७५ | ८०८ |
| ४. | अन्तर्राष्ट्रिय (अङ्ग्रेजी) | ४५७ | ४९५ | ४८८ | १४४० |

**फोटो सेवातर्फ**

| क्र.सं. | फोटो | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|
| १. | राससकर्मीबाट सम्प्रेषित | १८८५ | १९९० | १८९५ | ५७७० |
| २. | अन्तर्राष्ट्रिय समाचार संस्थाबाट प्राप्त | ४५६ | ६६५ | ७३३ | १८५४ |

**अडियो सेवातर्फ**

| क्र.सं. | फोटो | माघ | फागुन | चैत | जम्मा |
|---|---|---|---|---|---|
| १. | अडियो क्लिप | १६० | १३४ | १५४ | ४४८ |

२. राससका सम्पादक, समाचारदाता र फोटो पत्रकारका लागि डेस्कटप र ल्यापटप कम्प्युटर, प्रिन्टर, क्यामरालगायतका अत्यावश्यक सञ्चार सामग्री खरिद गरेको।

३. रासस केन्द्रीय कार्यालयको नयाँ भवनमा अडियो तथा भिडियो स्टुडियो निर्माणसहित आवश्यक उपकरण जडानका लागि टेण्डर आह्वान भई प्रक्रिया अघि बढेको।

४. राष्ट्रिय पुनःनिर्माण प्राधिकरणअन्तर्गत केन्द्रीय आयोजना कार्यान्वयन इकाइमार्फत निर्माण भएको रासस केन्द्रीय कार्यालयको नयाँ भवनमा सरेको। यसअघि रासस प्लाजास्थित अधिल्तिरको चर्केको पुरानो भवनमा रासस केन्द्रीय कार्यालयको कायसम्पादन हुँदैआएको थियो। रासस केन्द्रीय कर्यालय भवन निर्माणको ठेक्का पाएको श्री सिद्धबाबा कन्स्ट्रक्सन प्रालिले नयाँ भवनमा सरेपछि खाली हुनगएको अधिल्तिरको पुरानो भवन भत्काएर प्राधिकरणसँग भएको सम्झौताबमोजिम सोही स्थानमा नयाँ भवन निर्माण गर्ने कार्यक्रम रहेको छ।

५. रासस केन्द्रीय कार्यालयको नयाँ भवनमा आवश्यक फर्निचर-फिक्चर्स, पर्दा, कार्पेटलगायत सामग्रीका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरणसँग अनुरोध/ताकेता गरेको। बारम्बारको अनुरोधपछि फर्निचर-फिक्चर्स, पर्दा, कार्पेटलगायतका सामग्री प्राप्त हुनेभएको।

६. रासस कर्मचारी सेवा, शर्त विनियमावली, २०५६ संशोधनका क्रममा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेश गरिएकोमा स्वीकृति भई आउन ढिलाइ हुनगएकाले संशोधित विनियमावली ल्याउनेक्रममा सञ्चार मन्त्रालयसहित लोकसेवा आयोगको केन्द्रीय कार्यालयमा समेत पटकपटक गई पटकपटक अनुरोध गरेको ।

७. चालु आर्थिक वर्ष २०७६।०७७ को बजेट कार्यान्वयन र प्रगतिको अवस्थाका सन्दर्भमा तालुक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पटकपटक सहभागी भएको । त्यस्तै आगामी आर्थिक वर्ष २०७७।०७८ को नीति तथा कार्यक्रम र बजेट व्यवस्थाका सन्दर्भमा कार्यालयमा छलफल गरी मन्त्रालयमा भएका छलफलमा सक्रिय रूपमा सहभागी भएको ।

८. प्रदेश नं. ५ सरकारको सहयोगमा रासस प्रदेश नं. ५ अन्तर्गतका सबै समाचारदाता, स्थानीय समाचारदाता (स्ट्रिङ्गर) हरूका लागि समाचार लेखन, सम्पादन र फोटो सङ्कलनसम्बन्धी तीनदिने प्रशिक्षण कार्यक्रम बुटवलमा आयोजना गरेको ।

९. सुदूरपश्चिम प्रदेश सरकारको सहयोगमा रासस सुदूरपश्चिम प्रदेश कार्यालय भवनमा मर्मतसम्भार, रङ्गरोगन गरी वरिपरि पर्खाल लगाएको ।

१०. प्रदेश नं. १ सरकारको सहयोगमा रासस प्रदेश नं. १ कार्यालयमा मर्मतसम्भार प्रक्रिया अघि बढेको, त्यस्तै मेचीनगरपालिकाको आर्थिक सहयोगमा रासस भद्रपुर कार्यालय, झापामा मर्मतसम्भार, रङरोगन गरेको ।

११. कोरोना भाइरस अर्थात् कोभिड-१९ को विश्वव्यापी महामारीसँगै २०७६ साल चैत ११ गतेदेखि नेपालमा पनि लकडाउन (बन्दाबन्दी) जारी भएको सन्दर्भमा राज्यद्वारा सञ्चालित समाचार संस्था (रासस) हुनुका हैसियतले सामान्य दिनहरूमा भन्दा अझ बढी समाचार, फोटो तथा अडियो सङ्कलन, सम्पादन तथा सम्प्रेषण गर्नुपर्ने दायित्व बोध गरी सोहीबमोजिमको व्यवस्था गरेको । स्वदेश तथा विदेशमा समेत क्रियाशील राससकर्मीलाई उत्प्रेरित गर्दै लकडाउनभन्दा अघिका दिनहरूमा सम्प्रेषित समाचार सामग्रीको तुलनामा अझ बढी समाचार सामग्री सम्प्रेषण गरेको ।

१२. हाल ब्रोडसिटका दैनिक पत्रिका, अन्य दैनिक तथा साप्ताहिक पत्रिका, टेलिभिजन च्यानल, रेडियो, एफएम रेडियो र अनलाइन गरी ३०१ वटा आमसञ्चारमाध्यम राससका सेवाग्राही छन् ।

१३. राससको कामकाजलाई बढीभन्दा बढी पारदर्शी, जवाफदेही, आर्थिक क्षेत्रमा मितव्ययी बनाउँदै सदैव सुशासनमा जोड दिएको ।